# नेपाल ट्रष्टको कार्यालय

कमलादी, काठमाडौंको

## लीज प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।११।११)

१. नेपाल ट्रष्टको स्वामित्वमा रहेको निम्नलिखित जग्गाहरुमा निर्माण अवधि ३ वर्ष समेत जम्मा ३० वर्षको लागि व्यापारिक कम्प्लेक्सको रुपमा प्रयोग गर्ने गरी भवन निर्माण गरी लीजमा लिन इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६० (साठी) दिनभित्र गोप्य सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

| S. N | Contract Identification No. | Description and Location of Work | Minimum Evaluated lease amount in Net Present Value (NPV) in NRs | Minimum Evaluated Lease Amount for 30 years in NRs | Discount Rate for calculation of NPV | Minimum average annual turnover of best 3 years within last 10 years in NRs |
|---|---|---|---|---|---|---|
| 1 | 01/ONT/077-78 | Leasing of land at Kamaladi (2-4-2-0 Ropani) | 396,908,044,16 | 1,171,579,800.88 | 7% | 15 Crore |

नोट : माथिको तालिकामा उल्लेख गरिएको न्यूनतम मूल्यांकित लिज भाडा रकम (minimum evaluated lease amount) मा भवन निर्माण तथा सेवा सुविधा स्थापनाको लागत समावेश गरिएको छैन ।

२. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिबाट १५ दिनभित्र यस कार्यालयमा रु. २०,०००/- (पछि फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००२०००१०००० कार्यालय कोड नं. ३०१०३३५०१ र राजस्व शिर्षक नं. १४२२७ मा जम्मा गरेको सक्कल भौचर पेश गरी लिज प्रस्ताव सम्बन्धी कागजात (lease proposal document) खरिद गर्न सकिने छ ।

३. प्रस्तावदाताले लिज प्रस्ताव सम्बन्धी कागजात खरिद गर्दा लिखित निवेदनको साथै कम्पनी वा संस्था दर्ता प्रमाणपत्र (नवीकरण गर्नु पर्ने भए सो समेत गरेको), मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु नोटरी पब्लिकबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

४. प्रस्तावपत्रमा उल्लेख भए बमोजिमका सम्पूर्ण कागजातहरु समावेश गरी आफ्नै खर्चबाट आर्थिक र प्राविधिक प्रस्ताव तयार गरी छुट्टाछुट्टै खाममा सिलबन्दी गरी पुन: एउटै खाममा राखी सिलबन्दी गरी प्रस्तुत गर्नुपर्नेछ ।

५. उल्लिखित जग्गामा बन्ने भवनको अवधारणात्मक (conceptual) डिजाइन, नक्सा र प्रारम्भिक लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. सम्झौता भएको मितिदेखि निर्माण अवधि ३ वर्ष समेत गरी जम्मा ३० वर्ष लीज अवधि कायम हुनेछ र सो अवधि समाप्त भएपछि निर्मित भवन लगायत सम्पूर्ण भौतिक संरचनाहरु तथा जडित सामग्रीहरु स्वत: नेपाल ट्रष्ट कार्यालयको स्वामित्वमा सर्नेछ ।

७. लीज दिने जग्गा, सोमा जडान हुने भौतिक सामग्री, स्थायी सेवा सुविधा र निर्मित भवन तथा संरचनाहरुको प्रचलित कानून बमोजिम लाग्ने कर महसुल आदि लीज अवधिभर लीजप्राप्तकर्ताले तिर्नु पर्नेछ र जग्गा तथा निर्मित भौतिक संरचनाको सुरक्षा एवं संरक्षणको दायित्व समेत प्रस्तावदाताले लिई रहनु पर्नेछ ।

८. गुणस्तरयुक्त निर्माण सामग्री र प्रविधिको प्रयोग गरी भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिता अनुकूल सुरक्षित र आपत्कालीन सुरक्षाको उचित प्रबन्ध सहितको आधुनिक सुविधा सम्पन्न भवन निर्माण गर्नुपर्नेछ ।

९. प्रस्तावित लीजको सम्पूर्ण अवधिभरको न्यूनतम लीजबहाल रकमलाई ७ प्रतिशत Discount Rate को आधारमा Net Present Value (NPV) गणना गर्दा minimum evaluated lease amount in Net Present Value (NPV) भन्दा बढी भएको प्रस्ताव मात्र मूल्याङ्कनको लागि योग्य हुने छ ।

१०. लिज सम्बन्धी प्रस्ताव यस सूचना बमोजिम म्यादभित्रको जुनसुकै दिनमा कार्यालय समयभित्र र अन्तिम दिनमा भए अपरान्ह २ बजेभित्र नेपाल ट्रष्टको कार्यालय, कमलादी, काठमाडौंमा दर्ता गराइसक्नु पर्नेछ ।

११. नेपाल ट्रष्टको कार्यालयमा मिति २०७८।०१।१० मा दिनको ३:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थितिमा प्राविधिक प्रस्ताव खोलिने छ । लिज प्रस्ताव खरिद गर्ने, पेश गर्ने र प्रस्ताव खोल्ने दिनमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपर्युक्तानुसारको कार्य गर्न सकिनेछ ।

१२. कुनै प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन । प्रस्तावपत्रको म्याद अवधि प्रस्ताव खोलेको मितिबाट १२० दिनको हुनु पर्नेछ । प्रस्तावपत्रसाथ Bid Security Amount रु. ६४,००,०००/- (चौसी लाख मात्र) समावेश गर्नु पर्नेछ जसको मान्य अवधि प्रस्तावपत्रको म्याद अवधि भन्दा ३० दिन बढी हुनु पर्नेछ ।

१३. म्याद नाघी आएको वा शर्त राखी आएको वा रीतपूर्वक नभएको प्रस्तावलाई मान्यता दिइने छैन ।

१४. प्राप्त हुन आएको प्रस्तावको मूल्यांकन आदि गर्ने कार्यविधि लिज प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम ट्रष्ट आफैले निर्धारण गर्नेछ । सोउपर कुनै प्रश्न उठाउन पाइने छैन । प्रस्ताव स्वीकृत गर्ने वा संशोधन सहित वा आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार ट्रष्टमा निहित हुनेछ ।

१५. प्रस्ताव स्वीकृत गर्ने आशय पत्र प्रदान गरेको १२० दिनभित्र भवन तथा आवश्यक सम्पूर्ण अन्य संरचनाको विस्तृत इन्जिनियरिङ डिजाइन तथा लागत अनुमान प्रस्तावकले आफ्नै खर्चमा बनाई सम्झौता गर्नु अगावै पेश गर्नुपर्नेछ । पेश भएको डिजाइन, लगानी रकम र ट्रष्टले प्राप्त गर्ने प्रतिफल तुलनात्मक रुपमा उपयुक्त छ भन्ने ट्रष्टलाई नलागेमा नेपाल ट्रष्ट कार्यालयले प्राप्त प्रस्ताव रद्द गर्न सक्नेछ । यस कार्यालयबाट लिखित रुपमा अन्यथा निर्देशन भएमा बाहेक शुरु प्रस्तावमा पेश गरेको अवधारणा डिजाइन अनुरुप नै विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्नुपर्नेछ ।

१६. लीजमा दिने जग्गामा रहेका भौतिक संरचनाहरु भत्काउनु पर्ने भएमा लीजमा लिने पक्षले आफ्नै खर्चमा भत्काई निस्केको माटो लगायत सम्पूर्ण सामान उठाई लैजानु पर्नेछ ।

१७. उक्त जग्गामा व्यापारिक भवन निर्माण गर्न भवन निर्माण मापदण्ड अनुसारको नक्सा तयार गर्दा सकेसम्म बढी तला र क्षेत्रफल थपिने गरी जग्गाको अधिकतम उपयोग गर्नु पर्नेछ ।

१८. प्रस्तावदाताले लिज प्रस्ताव सम्बन्धी कागजात खरिद गरेको बढीमा अन्य कुनै २ वटासम्म कम्पनीसँग संयुक्त उपक्रम बनाएर पनि प्रस्ताव दिन सक्नेछ ।

१९. जग्गाको नाप नक्सा हेर्न, सम्बन्धित ठाउँको स्थलगत निरीक्षण गर्न वा अन्य कुरा बुझ्न परेमा कार्यालय समयभित्र निम्न ठेगानामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

२०. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

२१. यो सूचना नेपाल ट्रष्टको वेबसाइट www.nepaltrust.gov.np मा पनि हेर्न सकिनेछ ।

**नेपाल ट्रष्टको कार्यालय**
कमलादी, काठमाडौं ।
फोन नं. ४२२५४६५
फ्याक्स नं. ४२२३०५८